परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष ८ ❑ अंक ४३ २०७७ आषाढ २८ गते आईतवार Sunday 12, JULY, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरौं अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## भोकलाई छेक्न सकेन सिमाक्षेत्रको शिलबन्दी

विराटनगर । रोगलाई छेक्न सकिन्छ तर भोकलाई छेक्न सकिदैन भन्न चरितार्थ अहिले नेपाल भारतको सिमा क्षेत्रमा प्रसस्तै देख्न पाईन्छ ।

कोरोना भाइरस (कोभिड-१९) को विश्भरी नै चलेको महामारीका कारण नेपालमा पनि चैत ११ गते देखि सिमा नाका शिल गर्दै निरन्तर भई रहेको लकडाउनको कारण सिमाक्षेत्रका वासिन्दा रोग र सिमा शिलवन्दीको धज्जी उडाउँदै सिमानाकामा निर्विवाद रुपमा आवत जावत भई रहेको छ ।

विगत करीब चार महिना देखि नेपाल भारत सिमा नाका सिल भएतापनि रोग भन्दा पनि भोकले गर्दा सिमा क्षेत्रका स्थानीय वासीहरु खासगरी खाद्य्यान समान खरिद गर्न आवत जावत भइरहेकै छ ।



खाद्य्यानको लागि नेपाल भारत सिमामा आवत-जावत गर्दै । तस्वीर : श्याम सुन्दर सतिहार

विराटनगर महानगर पालिका संग जोडिएको रानी, मटियरवा, दरैया, जहदा गाउंपालिकाको तरिगमा, पोखरीया, धनपालथान गाउंपालिकाको नोचा, खैरबना, सोराभाग, रंगेली नगरपालिकाको वौका चोपडहा, सुनवर्सीको सिकटी लगायतको सिमा क्षेत्रको नेपाली वासीन्दा खास गरी खाद्यान्न समान खरीदको लागि लुकीछिपी र केही सुरक्षा कर्मीहरुलाई समेत भनेर भारत प्रवेश गरी खाद्य्यान खरीद गरी फर्किने गरिन्छ ।

अत्यावश्यक सामानहरु खाद्यान्न, तरकारी, फलफूल तथा खुद्रा सामानहरु किनमेल गर्न भारतको सिमा नाका नजिक पर्ने जोगवनी, कुवाडी, सुन्दरी मण्ठ, गरैया, लगायत स्थानमा खरिद गर्न जाने गरेको छ । एक स्थानीयका अनुसार नेपालको बजारमा अत्यावश्यक सामानहरुको मूल्य आकासिएकोले भारत जान वाध्य भएको वताए ।

वांकी अन्तिम पेजमा...

## तराई मधेशमा हरियाली वन विकास

बिराटनगर । तराई मधेस हरियाली वन विस्तार कार्यक्रम अन्तर्गत एक जिल्ला पाँच प्रजाती, एक घर ५ बिरुवा, सबै गाउँमा हरियाली, एक वडा एक वन, एक नगर अनेक उद्यान, निजी वन विकास तथा प्रोत्साहन र प्रचार प्रसार गर्न जोड दिनुपर्ने डिभिजन वन कार्यालय मोरङ अधिकृत बिशाल घिमिरेले बताउनुभयो ।

उक्त कार्यक्रमहरु सञ्चालनका लागि सरकारी, गैरसरकारी, सामुदायिक तथा निजी क्षेत्रसँग सहकार्य गर्छौं,' उहाँले भन्नुभयो, 'यसले वनजन्य उत्पादनमा वृद्धि, रोजगारी सृजना, वन पैदावारको सहज आपूर्ति, स्थानीय समुदायको जीविकोपार्जनमा सुधार, तथा हरियाली प्रवर्द्धन हुने अपेक्षा छ ।'

स्थानीय तह स्थित नदी उकास क्षेत्र, पर्ति, ऐलानी, सार्वजनिक जग्गा तथा खेती नगरिएको निजी जग्गाहरुमा वृक्षारोपण गरेर वन विकास गरेर हरियाली प्रवर्द्धन गर्ने लक्ष्य रहेको सूचना अधिकारी राम लखन ठाकुरले बताउनुभयो । तराई मधेस हरियाली वन विस्तार कार्यक्रम स्थानीय तहहरुको सहकार्यमा गरिने बताउनुभयो । 'चालू आर्थिक वर्षमा बिरुवा उत्पादन गरेर आउँदो आर्थिक वर्षबाट बिरुवा वितरण गरेर वृक्षारोपण गरिन्छ,' ठाकुरले

वांकी अन्तिम पेजमा...

## प्रहरीलाई भिड नियन्त्रण गर्न हम्मे-हम्मे

विराटनगर । कोरोना महामारीको कारण सिमा नाका सिल रहेको बेला केही साता देखि रानी भन्सार नाका आसपासको सिमावर्ति एरियाहरुमा लागि रहेको भिडलाई नियन्त्रण गर्न प्रहरीलाई हम्महम्मे भईरहेको छ ।

त्यसै गरी लागु औषध कारोवारी लगायत नेपाल भारत सिमावार पारी गरी अवैध समानहरु भन्सार छलीगरी त्यतिकै ओहोर दोहोर गर्ने व्यपारीहरु समेत संक्रिय भएको छ । खुल्ला सिमामा भईरहेको भन्सार छलीका समान र व्यपारीहरुलाई दिनहू प्रहरीले पक्रउ गरी रहेका छ ।

लामो समय लकडाउनको कारण प्रभावित भएका सिमावर्ति क्षेत्रका सर्वसाधारणहरु अहिले केहि सस्तो दरमा पाउने आसमा खाध्यान्न सामग्री लगायत अतिआवश्यक सामग्रीहरु खरिदको निम्ति भारत तर्फ़ जाने ओहोरदोहोर गर्नेहरुको खुला सिमा क्षेत्रमा घुईचो लाग्ने गरेको देखिन्छ ।

सोही अवस्थाको फ़ाईदा उठाउदै लागु औषध सेवनकर्ता तथा व्यापारीहरु पनि आफ़्नो लागु औषधको करोबारमा व्यस्त हुनेगरेको छ । खुला सिमा रहेको बिराटनगरको १६ नं. वडा को दरैया र दक्षिन गेट बिचमा रहेको सुगरमिल गेट अगाडी बाट लागु औषध प्रयोगकर्ताहरु सहज रुपमा लागु औषध पाउने गरेका छ्न ।

करिब सात सय मिटर लामो रहेको दरैया र दक्षिन गेट सम्म ड्युटीमा खटेको इलाका प्रहरी कार्यालय रानी र सशस्त्र प्रहरी सुरक्षाकर्मीको संख्या न्युन रहेको कारणले लागु औषध कारोवारीलाई सहज हुने गरेको छ ।

उक्त सात सय मिटर लामो एरियामा ईलाका प्रहरी कार्यालय रानी बाट एक जना र सशस्त्र

वांकी अन्तिम पेजमा...

## जनस्तरमा जानबाट रोक्नु पर्छ : मन्त्री घिमिरे

हिरालाल साह

बिराटनगर । सामाजिक बिकास मन्त्री जीवन घिमिरेले प्रदेश १ मा सक्रमितको संख्या थपिनु भन्दा डिस्चार्ज हुनेको संख्या बढेकोले राम्रो लक्षण देखिएको भएपनि भारतबाट आउने क्रम नरोकिए सम्म चुनौतीपूर्ण रहेको मन्त्रालयले गरेको पत्रकार सम्मेलनमा बताए ।

त्यसैपिगरी प्रदेश १ को उदयपुर भुल्केमा बैशाख ५ गते २ जना अरब र सुरतबाट आएका नेपालीमा देखिएको ब्यक्तिबाट समुदायस्तरमा फैलिएको नेपालको पहिलो घटना भएसगै प्रदेश १ मा दोश्रो समुदायस्तरमा धनकुटा अस्पताल बाहेक हालसम्म अन्यत्र समुदायिक रुपमा कोरोना नभएको मन्त्रीले बताए ।

जनतमा लकडाउन खुकुलो भएपछि बजारमा भिडभाड बढेकोले कोरोना भागेको जस्तो भ्रम नपाल्न, हेलचेक्रयाइ नगर्न, समुदाय स्तरमा जान नदिन सम्पुर्ण जनता र स्वास्थकर्मीलाई आग्रह समेत मन्त्रीले गर्नुभयो ।

प्रदेश १ मा कोभिड-१९ संक्रमित जाँच विधि पिसीआरलाई बढाएर लगिएको छ। असारमा ७५ प्रतिशत पिसीआर बिधिबाट टेस्ट गरिएको छ भने आरडिटी बिधिबाट २५ प्रतिशत मात्र परिक्षण गरिएको छ। सो कुरा सामाजिक बिकाश मन्त्रालयले आज गरेको पत्रकार सम्मेलनमा जनाएको छ।

प्रदेश १ मा कोरोना भाईरस (कोभिड-१९) लाई पराजित गरेर घर फर्कनेको संख्या क्रमश : बढ्दै गएको छ । कोरोना भाईरसबाट संक्रमित हुनेको दर भन्दा उपचारपछि निको भएर घर फर्कनेको संख्या पछिल्लो दिनमा बढ्दै गएको हो ।

समुदाय स्तरको संक्रमण नियन्त्रणमा आएपछिको पछिल्लो ढेड महिनायताका संक्रमित क्वारेन्टीनमा बसेकाहरु मात्रै छन् । क्वारेन्टीनबाट अस्पताल भर्ना भएकामध्ये ६७ प्रतिशत संक्रमण परास्त गरि घर फर्किसकेका छन् ।

सामाजिक बिकास मन्त्रालयल प्रदेश १ ले प्रदेश भरिको १४ वटै जिल्लाभर भएको कोभिड(१९ को सन्क्रमितको आधिकारिक तथ्यांक स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वीकृतिमा आज देखि दिने बताए । होम क्वारेन्टाइन, होल्डिङ सेन्टर, आइसोलेशन र कोभिड सेन्टरहरुबाट डाटा संकलन गरि एकीकृत रुपमा काम गर्ने सो को कोर्डिनेशन मुख्यमन्त्री कार्यालय प्रदेश १ ले पनि गर्ने बताए ।

तेस्रो मुलुकबाट नेपालीहरु आउने क्रम जारी रहेकाे बिदेशबाट आउनेलाई काठमाडौ कोभिड केन्द्र मा लगेर सेनाले चतरा लगायत निश्चित ठाउँमा ल्याएर संबंधित स्थानीय तहमा २ हप्ता अनिवार्य क्वारेन्टाइनमा राखेपछि लक्षण नदेखिएपछि मात्र १ हप्ता होम

वांकी अन्तिम पेजमा...






क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## कोरोनाको...

लकडाउनको कारण आफ्नो पेशाबाट घरायसी खर्च धान्न मुस्किल भएकोले थोरै पैसाले भा।तमा धेरै समान आउँद तर त्यही पैसाले नेपालमा थोरै समान आउने गरेकाले लुकीछिपी तथा सुरक्षकर्मीहरुलाई भनेर भारतको बजार जान बाध्यता भएको स्थानीयको भनाई छ ।

केही साता देखि सिमानाकामा तस्करी समेत बढेको र ती तस्करहरुलाई प्रहरीले समेत पक्राउ गर्न सफल भई रहेकोले तस्करीको समानको प्रहरीले गरेको बरामदको अवस्था हेर्दा कोरोना भाइरसको रोगवाट डराउन छोडेर भोकको जोहो गर्न ज्यानलाई जोखिममा परेर भारत आवत जावतमा वृद्धि भएको स्वयम प्रहरीहरुले नै स्वीकार गरेको छ ।

ईलाका प्रहरी रानी अन्तर्गत पर्ने मटिअर्वाका प्रहरीहरु पनि स्थानीयवासीको आवत-जावतको कारण हैरान भएका छन । दैनिकी भान्सा चुलोको सामान रोक्दा स्थानीय वासीहरुको गुनासोलाई थेग्न गाह्रों भएको तर भारतको जोगवनीतिर पनि केहि दिनयता पुर्णरुपमा लकडाउन भएकोले स्थानीयहरुको आवत-जावत धेरै मात्रामा कम भएको साथै खुला सिमानाको कारण जुनसुकै ठाउंवाट भारत प्रवेश गर्न सक्ने भएकोले रोक्न प्रहरीलाई हम्मेहम्मे भएको एक प्रहरीले वताए । सिमा क्षेत्रमा गस्ती गर्न सुरक्षा निकायमा जनशक्ति पर्याप्त नभएको, स्थानीय स्तरमा चेतनाको अभाव भएकोले पुर्ण रुपमा सिमानाकामा कडाइ गर्न नसकेको सुरक्षा निकाय स्वयम स्वीकार गर्दछन् ।

## जनस्तरमा...

क्वारेन्टाइनमा राखिने अनिमात्र समुदायमा हस्तान्तरण गरिने भएको छ ।

प्रदेश नं. १ मा ४ सय ८६ पुरुष र महिला ८१ जना गरी ५ सय ६७ जनामा कोरोना संक्रमण देखिएको छ जसमध्ये ३ सय ६० पुरुष र ३२ महिला गरी ३ सय ९२ जना कोरोनालाई जितेर डिस्चार्ज भई सकेको छ । अषाढ १५ गते सम्म पीसीआर २३ हजार ५ सय ७७ र १७ हजार ७ सय ६२ आरडिटी परिक्षण भएको छ । प्रदेश नं. १ मा प्रदेश प्रयोगशाला, वि पि कोइराला विज्ञान प्रतिष्ठान धरान र कोशी अस्पताल गरी तीनवटा प्रयोगशाला रहेको छ भने झापा र धनकुट्टा गरी २ वटा प्रयोगशाला निर्माको चरणमा रहेका छ । प्रदेश नं. १ को १४ वटै जिल्लामा कोरोना संक्रमित रहेको छ ।

## तराई...

भन्नुभयो, । 'जिल्लामा ८ लाख १ वर्षे र बहुवर्षे बिरुवा उत्पादन गरेर स्थानीय तहहरुलाई वितरण गरिसकेको बताए ।

आ.ब.२०७६/०७७ मा ९ लाख ३० हजार बिरुवा उत्पादन गरेको र ११८ हेक्टर जग्गामा तराई मधेस हरियाली बिकास (बन दशक कार्यक्रम) मार्फत १६ वटा स्थानीय तहहरुमा बृक्षा रोपन गरिएको छ । मोरङ्गो १७ वटै स्थानीय तह बमोजिम निजि वन ७ सय ६० हेक्टरमा ६ सय १८ निजि वनमा ८ लाख ९३ हजार १ सय ३३ रुख रहेको तथ्यांक छ । यसैगरी विभिन्न नर्सरीहरु संग ३ लाख ४० हजार बिरुवा उत्पादन गर्ने सम्झौता गरेको जुन सेवाग्राहीले सुबिधाअनुसार पायक पर्ने ठाउँबाट बिरुवा लिन सक्छन् ।

वि.स. २०३३ सालमा राष्ट्रिय वन योजना लागु भएपछि स्थापना भएका ४० वटा वन डिभिजन कार्यालय मध्ये मोरङ्ग वन डिभिजनको नामबाट यस जिल्लाको वनजंगल संरक्षण तथा सम्बर्द्धन हुदै आएको र २०४० सालमा जिल्ला वन कार्यालय स्थापना भएको थियो । जिल्लाको कुल भुभागको २९.९२ प्रतिशत क्षेत्रफल ( ५५,५०० हेक्टर) वनक्षेत्रले ओगटेको यस जिल्लाको मुख्य प्राकृतिक श्रोतको रुपमा वनलाई लिन सकिन्छ । प्रदेश १ को कुल २६ लाख ४२ हजार ३ सय १० हेक्टर क्षेत्रफल मध्ये ४४ दशमलव ४३ प्रतिशत वन क्षेत्र रहेको छ ।

## प्रहरीलाई...

प्रहरी तिन जना गरी जम्मा चार जना खटेको प्रहरी सुरक्षाकर्मीलाई नेपाल भारत अनावश्यक ओहोरदोहोर गर्नेहरुलाई रोक्न नै हम्मे हम्मे पर्ने गरेको प्रहरीहरुले नै वताउँछन् ।

त्यही लागु औषध कारोवारीहरु प्रहरीलाई छल्दै प्लास्टिकको पोका भित्र लागुऔषध, ढुङ्गा र फिर्ता आउने पैसा हाली नेपाल तर्फ फालेर पुर्याउने गरेका छन् । बुधवार दिन भरि जिल्ला प्रहरी कार्यालय मोरङ्ग बाट खटेको सादापोसाकको प्रहरीले केहि लागु औषध प्रयोगकर्ताहरुलाई पक्राउ गरि चेतावनी दिएर छाडेका थिए ।

यस्ता असामाजिक तत्वहरुको क्रियाकलापले गर्दा यहाँ बस्ने स्थानियहरुलाई समेत समस्या हुनेगरेको र हुने खाने घरको देखिने महंगा महंगा मोटरसाईक लिएर टाढा टाढा बाट आउनेहरु न त किसान नै हुन नत समाज सेवीनै फेरी दरैया जस्तो ठाउँमा न त कुनै सरकारी नत गैर सरकारी कार्यालय नै छ । त्यस्ता व्यक्तिहरुलाई हुलास चौक र प्रहरी तालिम केन्द्र पछाडीको बाटो बाटै प्रवेश गर्न रोक लगाएमा मात्र लागु औषध तथा अवैध कारोबारलाई केही हद सम्म निरुत्साहित गर्न सकिन्छ भनि दरैयाका स्थानियहरुको भनाई रहेको छ ।

**छोरा छोरी दुवैलाई विद्यालय पठाऔं ।**

# ट्याक्सी चलाउन दिने तर दुई यात्रुमात्र

विराटनगर । कोरोना भाइरस कोभिड-१९ कारण लकडाउनको समयमा बन्द रहेको ट्याक्सीहरु दुई जना मात्र यात्रु राखी संचालन गर्ने दिने सरकारले तयारी गरेको छ ।

मन्त्रिपरिषदको मंगलबार बसेको बैठकमा ट्याक्सीसहित सार्वजनिक यातायातका साधन सञ्चालन गर्न दिनेबारे छलफल भएको थियो ।

स्रोतका अनुसार स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्ने गरी चालक बाहेक दुईजना यात्रु राखेर ट्याक्सी सञ्चालन गर्न दिनेबारे सकारात्मक छलफल भएको छ । 'यसबारे कोभिड-१९ संकट व्यवस्थापन सेन्टर ( सीसीएमसी)मा छलफल गरेर निर्णय हुनेछ ।'

सार्वजनिक यातायात सञ्चालनबारे पनि गृहकार्य गर्ने जिम्मा सीसीएमसीलाई दिइएको छ । यातायात व्यवसायी लगायत सरोकारबाला पक्षसँग यातायात व्यवस्था मन्त्रालयले छलफल गरेर सीसीएमसीमा मोडालिटी पेश गर्ने र त्यसअनुसार थप निर्णय हुने भएको छ ।

मन्त्रिपरिषद बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना नगर्दा काठमाडौं उपत्यकामा जोखिम बढेको भन्दै कडाइ गर्ने निर्देशन समेत दिएको छ ।

**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग







**अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल**

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

**हाम्रो सेवाहरु :-**

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### सिमानाका शिलवन्द्री फितलो किन ?

विश्वभरी नै महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को प्रभाव नेपालमा पनि परेको छ। नेपालमा देखिएको कोरोना भाइरस प्राय जसो विदेशमा रहेको नेपालीहरु स्वदेश फिर्किएपछि तिनीहरुमा नै देखिएको छ। नेपालमा हाल सम्म कुल संक्रमित १७ हजार ४ सय ४५ रहेको छ भने मृत्यु हुनेको संख्या ४० पुगि सकेको छ। कोरोन भाइरस रोगवाट वच्चन एक मात्र उपाय लकडाउन भएकोले नेपालमा पनि चैत ११ गते देखि सिमा नाका पूर्ण रुपमा शिल गर्दै देश भरी निरन्तर रुपमा लकडाउन गर्दै आएको छ। लकडाउनको करीब आउंदो श्रावण ११ गते ४ महिना पुग्छ। त्यतिन जेल दैनिक ज्याला मज्दुरी गर्ने मजदुरहरु रोगले भन्दा पनि भोकले मर्न लागि सकेको छ। सिमा नाका शिल गरेदेखि केही नाका भएर नेपालमा बसेको भारतीयहरु आफ्नो देश फर्किने र भारतमा रहेको नेपालीहरु नेपाल फर्किने भई रहेको छ। तर खुल्ला सिमानाले गर्दा लुकीछिपी भारत-नेपाल आवत-जावत गर्नेको संख्या दिनानुदिन बढ्दै गई रहेको छ।

सिमानाका शिल गरेको केही महिला सम्म दुवै देशका सुरक्षा कर्मीहरुले भारत नेपाल आवत जावतमा पूर्ण रोक लगाएको भएपनि हाल सिमा नाकाको शिलवन्दी फितलो भएको छ। भारतमा खाद्यान सरसमान सस्तो भएकोले भारतवाट नेपाल वढी निर्यात हुन्छ । भारतवाट समानहरु ल्याउन केही लुकी छिपीसमान ल्याउँछन भने केही त प्रहरीहरुकै सेटिङ्गमा तस्करहरुले भारतीय समानहरु नेपाल भित्रियाएका छन्। प्रहरीहरु सिमा नाकामा सुरक्षा दिई रहेकै वेला लुकीछिपी र केही व्यक्तिहरु प्रहरीहरुलाई जानकारी गराई भारतवाट खाद्यान समान ल्याउँछन् भने संग संगै लागु औषधको तस्करीमा समेत वृद्धि भएको छ। खुला सिमाले गर्दा प्रहरीहरुलाई पनि मान्छेको आवत-जावत रोक्न हम्मे हम्मे परेको छ।

भोकले गर्दा रोगको डर छोडि सकेको मानिसहरु अहिले बजारहरुमा भिडभाड समेत गर्दै आएको छ। खास गरी भारतवाट आउने व्यक्तिमा वढी कोरोना देखिएकोले भारतवाट जुन किसिमले आवत-जावत भई रहेको छ। कोरानाको संक्रमन स्थानीय स्तरमा फैलिन सक्ने सम्भावन वढेको छ। त्यसैले सिमालाई शिल गर्ने हो भने पूर्ण रुपमा शिल गरि दिउ नत्र झारा टार्ने काम नगरौ, सिमामा देखिएका सुरक्षाकर्मीहरुको फितलो पन वन्द गरी पूर्ण रुपमा सिमा नाकाको शिलवन्दीलाई कडाईका साथ लागु गर्नु आवश्यक रहेको छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# लकडाऊनको नाऊँमाबन्धक बनाऊनु अनुपयुक्त

**कौशल कुमार सिंह**



अहिले कोरोना महामारीको संक्रमण र लकडाउनको मारले संसार तबाह र बर्बाद भईरहेको छ। कोरोना महामारीबाट बच्न विकल्पमा लकडाउन रोजियो। जुन चाइनिज मोडेल हो। चाईनाबाट शुरू भएको कोरोना संक्रमण र लकडाउन पद्धतिका कारण अहिले विश्व मानवीय र आर्थिक रूपमा ध्वस्त भईसकेका छन्।

शुरूमा चाईनामा फैलिएको कोरोना संक्रमण महामारीको रूप लिएपछि चाईनाले नै सर्वप्रथम लकडाउन मोडेलको विकास गरे। तर चीनले गरेको लकडाउनको तरिका र व्यवस्था जसरी थियो, लकडाउनका जुन(जुन शर्त थियो। त्यसलाई अबलम्बन गर्ने गरि लकडाउन गरेका देशहरूले लकडाउनबाट फाईदा लिएका छन्।

तर हामीले चाईनाले विकास गरेको लकडाउनको मोडललाई अपनाए र सरकारले लकडाउनको घोषणा गरि पालना गराउन सुरक्षा निकाय पनि परिचालन गरे। तर लकडाउनको अवधिभर चीन सरकार जनताप्रति जुन राजकीय जिम्मेवारी वहन गरेका थिए, त्यसको १०५ जिम्मेवारी पनि हाम्रो सरकारले वहन गर्न सकेन्।

चीनमा सरकारले लकडाउनको अवधिभर प्रत्येक घरलाई चाहिने खाद्यान्न र घरमा बसेर आवश्यक खर्च हुने सबै सामग्रीको सुरक्षित र किटानुरहित व्यवस्था गरेका थिए। कसैलाई कुनै किसिमको उपचारको आवश्यकता पर्दा घरबाट चिकित्सकले अस्पताल लगि उपचारको व्यवस्था गर्थे। भनाईको अर्थ, व्यक्तिलाई सबै आवश्यकता सरकारले घरमा नै पुर्ति गरेका थिए। अनि व्यक्तिलाई घर बाहिर निस्कनु पर्ने आवश्यकता नै भएन र सरकारी आह्वानलाई त्यहाँका जनताले पुर्ण रूपेन पालना गरे।

हामी लगायतका केही देशहरूमा भएको लकडाउन नामको मात्र भयो। सरकारले लकडाउनको घोषणा त गरे तर लकडाउन सफल बनाउन सरकारले वहन गर्नुपर्ने जिम्मेवारी वहन गर्न सकेन। व्यक्तिको आफ्नो आवश्यकता पूरा गर्न घर बाहिर निस्कनु पर्नेभयो। सुरक्षा निकायले जतिसुकै बल प्रयोग गरे पनि व्यक्ति आफ्नो दैनिक आवश्यकता पुर्तिका लागि बजार र बैंकसम्म पुगे।

जहाँ संक्रमणको आशंका थियो। व्यक्तिले प्रयोग गर्ने एटीएम, खरिद गर्ने किराना सामान, तरकारी जस्ता आवश्यक सामग्री कति सुरक्षित रहेको वास्ता समेत गरेन्। आवश्यकताका लागि खरिद गरिएका सामग्री कति जनाले छोएको, कति ठाउँबाट कसरी ढुवानी भएको हरूरूो, त्यसमा कोरोना भाईरसको संक्रमण छ वा छैन, त्यसबारे अनभिज्ञ नै रहे।

पसलमा उपलब्ध किराना लगायतका सामग्री र तरकारीलाई सयौं व्यक्तिले छोएको हुन्छ भने हामीले प्रयोग गर्ने कागजको नरूरूोट कसरी र कहाँकहाँ हुँदै आएको छ, त्यसलाई कसरी सुरक्षित मान्ने भने प्रश्न हुदाँहुदैं पनि खरिद गर्न र प्रयोग गर्न बाध्य भए। बजारमा सामान किन्न जादाँ भीडभाड त्यतिनै हुन्थ्यो भने लकडाउनमा सरकारले बाडेको राहत सामग्री पनि कति सुरक्षित हो भन्न सकिन्न। त्यसमा पनि राहत लिनेको भीड र राहतमा भएको विवादले सामान्य अवस्था जस्तै चर्काचर्की, भीडभाड र नारा जुलुस भयो।

हामी जति सुकै लकडाउनको कुरा गरे पनि हामी लकडाउनको शर्त स्वीकार गर्न सकेनौं। यस्तरूो अवस्थामा हामी लकडनउनमा छौं, कसरी भने ? लकडाउनबाट फाईदा लिन लकडाउनको शर्त स्वीकार गर्नु पर्दछ। शुरूमा सरकारले लकडाउन जारी गर्दा सबैले त्यसलाई सकारात्मक रूपमा लिए। तर व्यक्तिको आवश्यकता पुर्तितर्फ सरकारले कुनै ध्यान नदिदाँ व्यक्ति बाहिरिन बाध्य भए र व्यक्तिले लकडाउनकरूो शर्त उलंघन गरे।

अब अवस्था यतिसम्म भएको छ कि जनता लकडाउनबाट पिडीत भएका छन्। केही हुनेखाने वाहेक अन्य सबैको दैनिकी कष्टकर बनेको छ भने जनता लकडाउनको विरोधमा उत्रिन बाध्य बनेका छन्।

चीनमा लकडाउन गर्दा संक्रमण घटेको थियरूो भने हामी कहाँ यति लामो समयसम्म लकडाउन गर्दा भने संक्रमण झन बढेको छ। त्यसले के संकेत गर्छ कि हामीले लकडाउन सफल गर्न सकेनौं। लकडाउन हाम्ररूो हितमा भएन। लकडाउनले हामीले संक्रमण रोक्न सकेनौं तर लकडाउनले हाम्रो आर्थिक कमर भाँचि दियो। लकडाउनले हामीलाई दोहरो घाटा पुर्यायो। एकातर्फ हाम्रो संक्रमणलाई रोक्न सकेन् र अर्कोतर्फ हाम्रो आर्थिक रीढ भाँचि दियो।

त्यसैले मैले शुरूदेखि नै भन्दै आईरहेका छौं कि लकडाउनको विकल्प खोजौं। हामी लकडाउनलाई सफल बनाउने हैसियतमा छैनौं। हाम्रो हैसियत अनुसार अर्को विकल्पतर्फ सोच्नुपर्ने हुन्छ। हामी कसरी बच्ने भने उपायको खोजी स्वास्थ्य र आर्थिक विज्ञ, विश्लेषकहरूसँग गर्नुपर्छ।

तर यहाँ सरकारको जयजयकार गर्ने चाकर विज्ञ र विश्लेषकको मात्र कुरा सुन्दा सरकार कोरोनाको मामिलामा असफल भएको छ। तर पनि सरकार निर्लज्ज भई आफ्नो कुरालाई अगाडि बढाईरहेका छन्। करूोररूरूरूोनाकरूो क्षेत्रमा दिनरात फ्रन्टमा बसेर काम गर्ने डा. रञ्जु झाको टीमलाई त्यही चाकर विज्ञको सल्लाहमा स्पष्टीकरण सरूोध्ने काम भएको छ।

सरकारले हामीलाई लकडाउन मा राख्न सकेन र हामी बाहिरियौं। अब हामी बाहिरी सकेको हुनाले हामीलाई लकडाउनको नाममा बन्धक बनाउनु जीवनसंग नै खेलवाड गर्ने सरह हुन्छ। हामी लकडाउनमा सचेत हुन र सुरक्षित बस्न सिक्यौं।

अब लकडाउनलाई हटाई हामी सुरक्षित आफ्नो कारोवार कसरी गर्ने भन्नेतर्फ सरकारले सोच्नुपर्ने अनिवार्य बनेको छ। सरकार अब पनि लकडाउनको विकल्प दिएन भने जनता मार्ने कार्य मात्र साबित हुनेछ। अनि जनता सोच्न बाध्य हुन्छन, 'मरता क्या न करता' !

(लेखक, लोक दलका अध्यक्ष हुन्) (मधेश दर्पण फिचर सेवा)

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारूणयन्त्र ४२००००
इटहरी बारूणयन्त्र ५८०१०१
धरान बारूणयन्त्र ५२०१९९
इनरुवा बारूणयन्त्र ५६०१०१
दमक बारूणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारूणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# मधेशमा दाईजो कि अपराध

संजु साह

यो लकडाउनमा एक र दुई नम्वर प्रदेश गरी जम्मा १४ वटा घटना दाईजोको कारण हत्या भनेर मैले सामाजिक संजालको मिडिया मार्फत अध्ययन गर्न पाए जसमा २०७७/३/१६ गते जनकपुर र १७ गते महोतारीमा यि दुबै महिलाको आत्म हत्याको नाम दिई दाईजोको कारण दिएको पायो । के मधेशमा दाईजोले मात्र हिंसा र जगन्य अपराधलाई प्रोत्साहन गरेको छ कि ? मधेशको महिलालाई शिक्षा, स्वास्थ्य र रोजगारी तथा राजनितिक सहभागितामा अर्थ पुर्ण सहभागिता यी कुरो कुनै पनि आफ्ना जातीगत तथा समुदाय र वर्गको बरावरको अधिकार हो भने सास्कृतिक मुल्यमान्यता जसलाई कुप्रथा भन्छौ त्यो अधिकार होईन जुनसुकै समाज वा जात र वर्गमा भएमा यो अपराध हो ।

यो कुरोलाई यि वर्गमा सहि जानकारी र जवाफदेहीता गराउन तिनै तहका सरकारले के गरेका छ र यस लकडाउनमा यस वर्गका लागि के गरेको पाईन्छ । भएको कानून पनि आत्म हत्यालाई संध्यिाई दिईन्छ । यस्तो कानुन हाम्रो देशमा छैन । किन गरेको हो आत्म हत्या भने पछाडीको पृष्ठ भूमीमा अनुसन्धान हुँदैनन् । अनि कहाँबाट अपराधीले सजाया पाउने । हाल यस लकडाउनमा देशभरी १ हजार ५ सय ६६ जना मात्र आत्म हत्या गरेको समाचार पनि छ । यो नेपाल प्रहरीको तथ्यांक हो । के यि सबै आफै विना कारण आत्महत्या गरेका हो जस्तो लाग्छ त ? पक्कै होईन यसमा सामाजिक मुल्यमान्यता र सास्कृतिक, आर्थिक रुपमा महिलालाई वा पुरुषलाई नि विभेद गरेको हुन्छ ।

त्यो जातिगत, विपन्न र पहुँच र नपहुँचको आधारमा समेत पात्र विशेषले भुमिका खेली रहँदा जवाफदेही र उत्तरदायित्वको कमि छ भने कानून हातमा लिई हिडेकाको मनोबल यसले गर्दा अझ प्रोत्साहित भई दिउँसो नै हत्या, गुन्डा गर्दी, हिंसाका अपराधीहरु ज्त्र-तत्र आफ्नो अनुकुल गर्दै गएको छ ।

यसमा अझ साथ जसले जनताको हित र कानूनको संरक्षण, आवश्यक कानून निर्माण गर्ने जिम्मेदारी लिई गएका माननिय समेत यस्ता घटना गर्ने को संरक्षण गर्ने गरेको पाईन्छ । जसमा प्रहरी प्रशासन पनि आफ्ना भूमीकालाई जबाफदेही नबुझि अझ नागों नाच गर्न वायक सपोर्ट गरेको देखिन्छ ।

किन त यो सबै दाईजो नै हो कि सरोकारवालालाई नि दाईजो नपुगेको कारण वास्तविक पिडित र न्याय पाउनेहरुको न्याय नै पाउन सकेको हुदैनन् ।

के यो देशमा कानून छैन त जस्तो लाग्छ होला हाम्रो पिडितहरुलाई त्यसो होईन कानुन पनि छ कार्यान्वयन गर्ने निकाय पनि छ तर प्रत्येक निकायको जिम्मेदारी हुन्छ आ-आफ्नो त्यहि नै चुक हुन्छ होईन त्यहाँ पहुँचवालाको चल्छ, भने कसरी बेपहुँचवालाको हुने प्रश्न छ ? यस प्रति कसलाई अब जवाफदेही गराउने ।

न्यायलयमा आउनु भन्दा पहिला नै प्रकृयामै सेटिंग हुन्छ र सेटिंग भई आएका रिपोर्ट वा कागजातमा पिडित आफै कसुरदार हुनै देखिन्छ ।

पहिला मधेशमा दाईजो भन्थ्यो अब भनुस के मधेशमा मात्र छ कि प्रत्येक सरोकारवालामा छ । जसले गर्दा समस्या वास्तविक पिडित न्यायालय सम्म आउने सक्दैनन आए नि बिचबाटा कै निकाय वा सरोकारवाला मै हिंसा संरक्षण गराउन आर्थिक ठुलो चहल खेल भई पिडित नै फेरी पिडित हुन बाध्य गराईन्छ ।

के यस प्रति सरकार खोई सवेदनसिल भएको हो । यसका लागि पहिला ग्याप कानुन पनि चाहीन्छ र भएको कानुनको विना दाईजो कार्यान्वयन गराउन सक्नु पर्छ ।

मधेशको समस्या फरक छ भने कुरो हो यसलाई विचार गर्दा पहिला उच्च शिक्षाको निशुल्क व्यवस्था ,रोजगारी ,राजनिकिमा अर्थ पुर्ण सहभागिता आवश्यक र स्वास्थ्यमा पहुँच गराउन जिमेदार व्यक्तिको जिमेवारी अझ हुनु हो,तर यता तिर कुनै ध्यान नभई हिंसा र अपराधलाई बढापा दिएको पाइन्छ । लेखक अधिवक्ता एंव मानव अधिकार कर्मी हुन ।

# सामुहिक बालात्कार गरेको आरोपमा दुई जना पक्राउ

विराटनगर । मोरंगको उर्लाबारी नगरपालिकामा एक जना किशोरीलाई सामुहिक बालात्कार गरेको आरोपमा दुई जना युवाहरुलाई प्रहरीले पक्राउ गरेको छ ।

उर्लाबारी नगरपालिका वडा नं. ५ सिसौलीकी १७ बर्षीया किशोरीलाई २०७६ फागुन २७ गते घरमा कोही नभएको अवस्थामा सामुहिक बालात्कार गरेको पिडित परिवारले जनाएको छ ।

बलात्कार गर्नेहरु सोही ठाउँका २१ बर्षीय भेषराज आचार्य र ३० बर्षीय प्रदिप खतिवडाले सामुहिक बलात्कारको पिडितको आरोप छ ।

बेहोस बनाउने औषधि सेवन गरी किशोरीलाई दुई जना सामुहिक करणी गरेको थिए । उनीहरु दुबैलाई जवरजस्ती करणीअभियोगमा पक्रउा गरी जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

करणीपश्चात बारम्बार किशोरी बिरामी हुन थालेपछि केही दिनअघि मात्र स्वास्थ्य परीक्षण गर्दा किशोरीको पेटमा बच्चा भएको जानकारी पाएपछि घटनाको रहस्य बाहिरिएको थियो ।

पीडित परिवारले दोषीलाई हदैसम्म कार्वाही गर्न माग गरेका छन् । त्यस्तै, बाल क्लब सञ्चाल उर्लाबारी वडा नं. ६ ले पनि घटनाको छानविन गरी दोषीलाई हदैसम्म कार्वाही र पीडित परिवारको न्यायका लागि इलाका प्रहरी कार्यालय उर्लाबारीका प्रहरी निरीक्षक सुवास राईलाई अनुरोध गरेको छ ।

# भारतबाट नेपाल ल्याउदै गरेको अबैध समान बरामद

विराटनगर । बिराटनगर महानगर पालिका वडा नं. १६ स्थित भट्टिमोड नजिकै भारत बाट नेपाल तर्फ अबैध रूपमा भन्सार छलि दुईवटा साईकलमा ल्याउदै गरेको फेन्सी कपडाहरु प्रहरीले बरामद गरेको छ ।

करीब ४४ हजार बराबरको फेनसी कपडाहरु ईलाका प्रहरी कार्यालय रानी बाट खटीएको प्रहरी टोलिले जिल्ला मोरङ बिराटनगर महानगर पालिका वडा नं. १५ को मुन्ना मण्डल रे मो.सोरहा सहित दुई वटै साइकल, सामान समेत बरामद गरी आवश्यक कारवाहीको लागि मुल भन्सार कार्यालय रानीमा बुझाएको छ ।

त्यसैगरी बिराटनगर महानगर पालिका वडा नं. १६ दरैया स्थित भारत बाट नेपाल तर्फ अबैध रूपमा भन्सार छलि पैदल ल्याउदै गरेको कपडा तथा किराना मालसामानहरु प्रहरीले वरामद गरको छ ।

बरामद गरिएका समानको अन्दाजी मुल्य २२ हजार पर्ने माल-सामान ल्याउदै गर्दा ईलाका प्रहरी कार्यालय रानीबाट खटीएको प्रहरी टोलिले उक्त सामानहरु बरामद गरी ईप्रका रानी ल्याई आवश्यक कारवाहीको लागि मुल भन्सार कार्यालय रानीमा बुझाउने बुझाएको छ ।

आजै जिल्ला मोरङ जहदा गाउँ पालिका वडा नं. २ जयरामकोट स्थित प्रहरी चौकी मझारेबाट खटिएको प्रसनिको टोलीले भारतबाट अबैध रुपमा नेपालतर्फ को २७ प ४७७४ न.को मोटर साईकलमा बोकी ल्याउदै गरेको २ वटा ३२ ईन्चको स्मार्ट एलइडी र मोटर साइकल चालक जिल्ला मोरङ धनपालथान गाउँपालिका वडा नं. २ खयरबनाको सचिन मण्डल र मोटर साइकल पछाडी सवार जिल्ला मोरङ जहदा गाउँपालिका वडा नं. ७ महादेवकोल प्रशान्त मण्डल समेतलाई नियन्त्रणमा लिई आवश्यक कारबाहीको लागी मुल भन्सार कार्यालय रानी विराटनगरमा बुझाएको छ ।

# मनसुन आए संगै असार पन्द्रको धान दिवसको अवसरमा कृषकहरु खुशी

हिरालाल साह

बिराटनगर । असार महिना 'मानो रोपेर मुरी फलाउने' दिन । अर्थात आज असार १५, धान दिवस । १७ औं धान दिवस विभिन्न कार्यक्रमको आयोजना गरी मुलुकभर मनाईदै छ ।

कृषिको परनिर्भरता कम गर्न र किसानलाई हौसला पुर्याउन प्रत्येक वर्ष धान दिवस मनाईदै आएको हो । आजको दिनलाई दही चिउरा खाने दिनका रुपमा पनि लिइन्छ । आजको दिन दही चिउरा खानु संस्कृति नै बनेको छ ।



बिराटनगर महानगर पालिका वडा नं. १६ मा धान रोप्दै । फोटो : पवन साह

तराई मधेसमा मनसुन आएपछि कृषकहरू हर्षित भएका छन् । मधेस तिर आजको दिन विशेष रुपमा बर्षा लागे संगै आगन उचो पार्न थौरै भएपनि माटो भर्ने र गभ गाडने अर्थात बीउ रोप्ने चलन रहेको छ । आज खेतखेतमा रोपाँईको चटारो देखिन्छ भने रोपाँई गरिसकेका किसानले खेतमा गएर दहि चिउरा खाने गर्दछन् । रोपाँईमा असारको फल मानिने आँप, कटहर सहित दहि र चिउरा खाइन्छ । असारे भाखा हाली गीत गाउँनु रोपाँईको अर्को आकर्षण हो । रोपाँईमा बाउसे र लाठेहरुले गरा सम्याउने र आली मिलाउने काम गर्दछन् भने रोपाहारहरुले धान हिलोमा रोप्छन् ।

धान नेपालको प्रमुख खाद्यान्न बाली हो । धानको उत्पादन बढ्दा कूल गार्हस्थ्य उत्पादनमा वृद्धि हुन्छ । कृषि क्षेत्रबाट प्राप्त कूल गार्हस्थ्य उत्पादनमध्ये धानको योगदान १२ प्रतिशत छ । राष्ट्रिय उत्पादन ९जिडिपी० मा कृषि क्षेत्रको योगदान भने ३३ प्रतिशत छ ।

नेपालमा भने कूल खेतीयोग्य जमीनमध्ये झण्डै ११ लाख हेक्टर जमीन बाँझो छ । सरकारी तथ्याङ्कअनुसार करीब ३१ लाख हेक्टर जमीन खेतीयोग्य छ । नेपालमा खेती गरिने कुल क्षेत्रफलको ४८ दशमलव ३ प्रतिशत जमिनमा धान खेती गरिन्छ । प्रदेश १ मा खेतीयोग्य जमीन ८ लाख २६ हजार ६ सय ४६ हेक्टर रहेकोमा मोरङमा १ लाख १६ हजार ९ सय ५६ हेक्टर मध्ये ८३ हजार ३ सय हेक्टरमा धान रोपनी गरिने मोरङ्गा कृषि बिकास निर्देशनालयका प्रमुख प्रकाश कुमार डाङ्गिले जानकारी दिए ।

नेपाली अर्थतन्त्र कृषि प्रधान भए पनि केही वर्ष धान निर्यात गर्ने देश अहिले अर्बौ-अर्बको धान अयात गरेर आफ्ना जनता पालिरहेको छ । नेपालमा मौसमको आधारमा चैते, बर्खे, घैया र बोरो धानको खेती हुँदै आएको छ । नयाँ उन्नत जातको धानको नाममा स्वदेशी जात हराउँदै गएको कृषकको चिन्ता छ । संसारको करिब ३ अर्ब ५० करोड मानिस अर्थात ६० प्रतिशत मानिसको मुख्य खाना चामलजन्य खाद्यान्नलाई नै मानिन्छ । एशियाली देशमा त ९० प्रतिशत बढी मानिस चामलजन्य खाद्यवस्तु खान्छन् ।खाद्यान्न उपभोग गर्ने जनशक्ति बढेसँगै उत्पादनको बढोत्तरी आजको आवश्यकता छ ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) को सिफारिसमा २०६१ साल मंसिर २९ गतेको मन्त्रिस्तरीय निर्णयबाट २०६२असार १५ गतेदेखि धान दिवसका रुपमा मनाउन शुरु गरिएको हो । भोकमरीबाट मुक्तिका लागि संयुक्त राष्ट्रसंघले समेत सन् १९६६ लाई धानबाली बर्षका रूपमा मनाएको थियो


नोभल कोरोना भाईरस (COVID-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



कर तिरौ, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौ देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसायी सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर ।
कर्तव्य ठानेर कर तिरौ नव नेपाल निर्मामामा सभागी बनौ ।
सामान किनौ गतिलो छानेर बिल मागौ अधिकार ठानेर ।

नेपाल सरकार
आन्तरिक राजश्वकार्यालय विराटनगर

क्राईम अपरेशन
CRIME OPERATION

# बथनाहा, भीमनगर देखि नेपालको चतरा सम्मको रेल सेवा ओझेलमा

श्याम सुन्दर सुतिहार

विराटनगर । कोशी सीमाँचलको भूमीले भारतको राजनीति एवंम विहारको राजनीतिमा अहिले सम्म धेरै नेताहरु आफ्नो पहिचान वनाई सकेको छ । जबकी कोशीको काखमा रहेको सीमाँचल भारत नेपाल सीमा अवस्थित बथनाहा देखि बीरपुर सम्म अलग पहिचान भएको क्षेत्र आज सम्म रेल र रेलवेको व्यवस्था हुन सकेको छैन् । उक्त क्षेत्रमा कुनै समय चल्दै गरेको रेल सेवा इतिहासको पन्नामा सिमित भएको छ ।



बथनाहा देखि भीमनगर एवम् भीम नगर देखि नेपालको चतरा सम्म अग्रेसको समयमा रेल परिचालन रहेको थियो । प्रतापगंज देखि भीमनगरको वीचमा अंग्रेज शासकहरुले शासन गरेको समयमा एक दिनको लागि रेल चलेको थियो । सो समयमा रेलको लागि अधिग्रहण गरिएको जमीनमा बथनाहाको मंडल चौक देखि भीम नगर सम्म जमिनहरु भूमाफियाको कब्जामा रहेको छ ।

सरकारले रेल परियोजनाको लागि अरबौं रकम पर्ने कर किसानहरुको उपजाऊ जमिनको



अधिग्रहण गरि रहेको छ। त्यही रेल परियोजनाको जमिन माथि कब्जा जमाएर अलिशान घरहरु बनाई सकेको छ । त्यही सरकारले रेल खण्डको संयोजन गर्नुको सट्टा कोशी परियोजनाको कोशी रेल खण्डको सम्पत्तिको लिलामी गरेर सरकार नयां पीढीको लागि धरोहरको रुपमा राख्न सम्भने जबकी कोशीको बाध एवं कोशी व्यारेजको निर्माणमा रेल खण्डको महत्वपूण भूमिका रहेको थियो ।

रेल लाईनको शुरुवात :

कोशी परियोजनाको स्थापना कालमा कोशीको नेपाल एवं भारतीय तटवन्धको निर्माण एवं कोशी व्यारेजको निर्माण एवम् कोशी नहरमा लगाउने सामग्रीहरु ढुवानी गर्नको लागि कोशी योजनाद्धारा आफ्नै रेल परिचालनको मंजुरी सन् १९५५ मा दिएको थियो । सन् १९५७ मा भारत र नेपालमा रेलपथ निर्माणको कार्य प्रारम्भ भईसकेको थियो । जसलाई सन् १९५९ मा पुरा गरिसकेका थिए । त्यही समयमा कोशी परियोजनाद्धारा भारतीय रेलवाट २१ वष्प इन्जिन र २७६ माल बाहक वुगी लिएको र संचालन पनि शुरु गरेको थियो । भारत र नेपाल मिलेर करीब ६७ मिल लामो रेल लाइन ओच्छयाएको थियो ।

रेल संचालन भएको स्थान :

कोशी रेलको लागि बथनाहा देखि भीमपुर २५ मील, भीमनगर देखि चकरघट्टी २१ मील, चकरघट्टी देखि चतरा ९ मील एवं चकरघट्टी देखि घोपा धरान १२ मीलको लाईनमा समानको ढुवानीको लागि रेल परिचालन रहेको थियो । सन् १९८६ को भूकम्प देखि अगाडी सम्म चालु रहेको थियो ।

नेपाल र भारतको मुख्य रेल स्टेशन

बथनाहा, कटैया र चपडीमा रेल यार्ड भीमनगर जक्शन रहेको थियो । बथनाहा स्टेशन एवम भीमनगरको वीच सरसरमा वाष्प इन्जिनको लागि वाटरिङ्ग स्टेशन रहेको थियो । त्यही बलुआ बजारमा रेल मर्मत गर्ने प्लाइन्ट रहेको थियो ।

नेपालमा रहेका स्टेशन :

नेपालमा सुनसरी जिल्लाको हरिपुर, कुसहा, मधुवन, राजाबास, चकरघट्टी, चतरा, सरयुगखोला र धरानको घोपामा पनि रेल स्टेशन रहेको थियो । धरानको घोपामा अहिले पनि रेलवे नामवाट केही चौक र बस्ती रहको छ । सुनसरी जिल्लाको कुशहाको कोशी टप्पु वनजन्तु केन्द्रको जंगल भित्र पनि रेलको अवशेष रहेको स्थानीयको भनाई छ । कोशी टप्पूको जंगलमा रेलका मालवाहक डब्बाहरुको जरजर अवस्थामा रहको इतिहास अहिले पनि याद गरि रहेको छ ।

अहिले पनि रेलको अवशेषवाला पुल यादलाई ताजा गरेको छ ।

बथनाहा देखि वीरपुर मार्गमा भंगही देखि अगाडी सुरसर नदी सहित अन्य स्थानमा अहिले रेल खण्डको पुल उपस्थिति रहेको गवाही दिएको छ। कति ठाउंमा रेलको अवशेष देखन पाईन्छ ।

रेलमा काम गर्ने हजारौ कर्मचारी :

कोशी रेलको सफल परिचालनको लागि अधीक्षक रेलवेको अधीनमा कर्मचारी, ट्राफिक कर्मचारी, भीमनगर र धरानमा एसडीओ लाईन, यातायात निरीक्षक, सिग्नल इन्सपेक्टर, व्यालर इंस्पेक्टर, पीडब्लुआई चीफ कन्ट्रोलर समेत १३ स्टेशन मास्टर लगायत हजारौं कर्मचारी कार्यरत रहेको थियो ।

रेलवे विभागको लापार्वाही :

बथनाहा देखि धरानको घोपा सम्म परिचालनको समयमा कोशी वाध र व्यारेज निर्माणको सामग्रीहरुको व्यापक ढुवानी गरेको थियो । सन् १९८६ मा आएको भुकम्पले नेपालका भागमा रहेको रेलवे लाईन जाही ताही भत्केको थियो । रेलवे विभागको लापार्वाहीको कारण त्यसलाई पुन : निर्माणका लागि कुनै पनि बजट छुट्याएनन् । बजेटको अभाव र प्रशासनको लापार्वाही, जनप्रतिनीधिहरुको वेवास्ताले रेल खण्ड लावारिस वनाउने शिलशिला जारी गऱ्यो । रेल संचालन वन्ध भएपछि रेलवेको भूमिमा स्थानीयवासीका कब्जा जमाउन थालि सकेका थिए । हेर्दा-हेर्दै रेलको जमिनमा नेपाल र भारतको भूमाफियाहरुले अलिशान महल बनाईसको छ ।

भारत सरकारले यस्तो महत्वपूर्ण रेल लाइनको चालु गर्नुको सट्टा गरी सक्यो लिलामी

सन् १९९५ को आसपासमा विहार सरकार एक अनौठो फैसला लिदै रेलवेमा भएको सवै सम्पत्ति खुलमखुला लिलामी गरको थियो । जस अनुसार नेपाल र भारत दुवै तर्फको रलको पटरी, मेशीन, डब्बा, भवनहरु सस्तोमा लिलामी गरेको थियो । आजको समयमा महत्वपुर्ण रेलवेको नामोनिशान मिटाई सक्यो । अब पुन : नयां पुस्ताको लागि कोशी रेल परिचालन गर्नु कल्पना र परिकथामा मात्र सिमित छ ।

उक्त रेलवेको संचालनको लागि भारत नेपाल सामाजिक सांस्कृतिक मंचले सरकारसंगम माग गरेको छ ।

ऐतिहासिक रेलवे खण्डलाई संचालन गर्न ११ दिसम्वर २०१९ मा अररियाको सांसद प्रदीप सिंह र सुपौलको सांसद दिलश्वर कामतलाई भारत नेपाल सामाजिक सांस्कृतिक मंचद्वारा इमेलको माध्यमवाट ज्ञापनपत्र पठाएर बथना, भीमनगर, रेललाइन सहित नेपालको सुनसरी जिल्लाका धरान घोपासम्म संचालन गर्न माग गरेको छ ।

रेलवे खण्डको संचालनको वारेमा मंचका अध्यक्ष राजेश कुमार शर्माले भने ऐतिहासिक रेल खण्ड संचालन होनेसे अररिया र सुपौल जिल्ला लगायत नेपालको सुनसरी मोरंग सहितको स्थानीय वासीलाई जोड्न सजिलो हुन्छ ।




# गिरी सर्वोच्च अदालत जाने

विराटनगर । सरिता गिरीले आफूलाई पार्टीबाट निष्काशन गरेको र सांसद पदबाट हटाएको समाजवादी पार्टीको निर्णयविरुद्ध सर्वोच्च अदालत जाने बताएकी छन् ।

आफूलाई कानूनविपरीत पार्टी र सांसदबाट हटाएको तर्क गर्दै आफु कुनै किसिमले कारबाहीको भागिदार नरहेको दाबी गरेकी छन् ।

मलाई गैरकानूनीरुपमा पार्टीबाट निष्काशन र सांसद पदबाट हटाएको कुरा सामाजिक सञ्जालमा भनेकी छन् । उनले पार्टीको सो निर्णयविरुद्ध सर्वोच्च अदालत जाने भनेकी छन् ।

नेपालको निशान छाप परिवर्तनका लागि लिपुलेक, लिम्पियाधुरा र कालापनीको विषयमा सरकारले गर्न लागेको संशोधनको विरुद्धमा सांसद गिरीले संशोधन दर्ता गराएकी थिइन् । समाजवादी पार्टीले संशोधन फिर्ता लिई नक्सासम्बन्धी विधेयकमा मतदान गर्न ह्वीप नै जारी गरेको थियो ।

सोही विषयलाई लिएर आजै समाजवादी पार्टी र सांसद पदवाट हटाएको थियो । सांसद गिरी तत्कालीन उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम नेपालको तर्फबाट खसआर्य कोटाबाट समानुपातिक सांसदमा निर्वाचित भएकी थिइन् ।

**विक्रेता वर्गमा अनुरोध:**

१. सम्बन्धित निकायमा दर्ता गरी अनुमति लिएर मात्र कुनैपनि व्यापारिक कारोबारहरु शुरुवात गरौं ।
२. कारोबार स्थलमा सबैले देख्नेगरी दर्ता प्रमाणपत्र, अनुमितपत्र, साइनबोर्ड र मूल्यसूची अनिवार्यरुपमा राखौं ।
३. वस्तुको खरिद बिल सुरक्षित राखौं र बिक्रि गर्दा बिलविजक अनिवार्यरुपमा जारी गरौं ।
४. म्याद नाघेका र टुटफुट भएका उपभोग्य वस्तुहरु छुट्टाछुट्टै ठाउँ (Expiry Zone) मा राख्ने गरौं । समयसमयमा यस्ता वस्तुहरु वितरक वा उत्पादकसमक्ष फिर्ता गर्ने पद्धति बसालौं ।
५. उत्पादन मिति, प्रयोग गर्न सकिने अन्तिम मिति, उत्पादक, तौल, मूल्य (MRP) प्रष्ट देखिने लेबल भएका वस्तुहरुमात्र बिक्रि वितरण गरौं ।
६. बजार अनुगमन वा गुनासोको आधारमा हुने निरीक्षणका बखत उल्लेखित विषयहरु पालना नगरेको र लापरवाहिपूर्ण क्रियाकलाप भएको पाइएमा उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार कारबाहि हुने व्यहोरा सूचित गरिन्छ ।

"जिम्मेवार व्यवसायि बनौं, उपभोक्ताप्रतिको दायित्व निर्वाह गरौं ।"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोर । जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन विराटनगर, प्रदेश नं. १

## विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।
२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन र्कामा सहयोग गर्ने ।
३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०

# श्रम तथा रोजगार कार्यालयले सूचना संप्रेषन नगर्दा सेवाग्राहीलाई सास्ती

पदम कुमार सरदार

विराटनगर। प्रदेश नं: १ को राजधानी विराटनगर स्थित श्रम तथा रोजगार कार्यालयले समयमै सूचना संप्रेषण नगर्दा सेवाग्राहीलाई सास्ती भएको छ। विदेशबाट आएका व्यक्तिहरुलाई पुन : श्रमस्वीकृति दिन ७ वटै प्रदेशलाई श्रम मन्त्रालयबाट निर्देशन दिए पनि आवश्यक स्वास्थ्य सुरक्षाको ब्यवस्था नभएको भन्दै कार्यालयले काम अगाडि नबढाएपछि सेवाग्राहीले सास्ती पाएका छन।

विदेशबाट आएका व्यक्तिहरुलाई कोरोना भाइरस (कोभिड-१९) परीक्षण स्वास्थ्य सम्बन्धी प्रोटोकल समेतको आधारमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार व्यवस्थापन शाखा सिंहदरवार, काठमाण्डौले असार २१ गतेदेखि पुन : श्रमस्वीकृति गर्न ७ वटै प्रदेशलाई गएको बिहीबार पत्र पठाएको थियो।

केन्द्रको निर्देशन अनुशार प्रदेश १ श्रम कार्यालयबाट श्रम स्कीकृति सम्बन्धी काम अघि नबढाउदा आफुहरुले सास्ती भोग्नु परेको कार्यालय पुगेका सेवाग्राहीहरुले गुनासो गरेका छन। प्रदेश नं: १ स्थित श्रम तथा रोजगार कार्यालयले श्रमस्वीकृति नदिने सम्बन्धी कुनै पनि सूचना ननिकालेका कारण कार्यालयमा आउँदा समस्या भएको सेवाग्राही रविन्द्र वस्नेतले बताउनुभयो।

उहाँले आज देखि पुन : श्रमस्वीकृत दिने सञ्चार माध्यहरुबाट थाहापाएर गाडी रिजव गरेर श्रम कार्यालय सम्म आइपुग्दा कार्यालय समेत नखुलेको तथा कर्मचारीहरु कार्यालय बन्द गरेर भित्रै वसेको गुनासो गर्नुभयो। अर्का सेवाग्राही भुपाल राईले सवैतिर श्रमको काम भइरहेको भएपनि विराटनगर कार्यालयबाट किन भएन भनी प्रश्न गर्नुभयो। लकडाउन अघि नै टोकन पाएपनि कार्यालय आउँदा सेवाबाट आफूले बन्चित हुनु परेको उहाँले गुनासो गर्नुभयो।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार व्यवस्थापन शाखाले संक्रमणका कारण चैत २९ गतेबाट श्रमस्वीकृति को सवै काम गर्न रोक लगाएको थियो। तर लकडाउन खुकुलो हुदै गएपछि आइतबारबाट पुन : श्रमस्वीकृति दिने भनिए पनि सेवा ग्राहीहरुले सेवा पाएका छैनन्। यता श्रम तथा रोजगार कार्यालय विराटनगरका वरिष्ठ श्रम अधिकृत प्रेमप्रसाद संजेलले कोरोना भाइरसको संक्रमणबाट सुरक्षित हुने स्वास्थ्य सम्बन्धी प्रोटोकल र पर्याप्त कर्मचारी नभएका कारण श्रमको काम रोकिएको जानकारी दिनुभयो।

उहाँले स्वाथ्य सम्बन्धी प्रोटोकल र कर्मचारी थप भएमा तत्काल श्रमको काम अघि बढाउने बताउनुभयो। कार्यालयमा झापा, सुनसरी, तेह्थुम तथा पाँचथर लगायतका क्षेत्रबाट २ सयभन्दा बढी सेवाग्राहीहरु कार्यालय समयमा विराटनगर स्थित श्रम कार्यालय आइपुगेका थिए। तर आवश्यक सूचनाको अभावमा उनीहरु रित्तो हात घर फर्किन बाध्य भएका छन। विभिन्न सूचना प्रविधिको विकास भएको अहिलेको अवस्थामा पनि सूचनाको अभावमा सेवाग्राहीले दुख पाउनु लज्जाको विषय हो। यसतर्फ सम्बन्ति निकायले ध्यान दिन जरुरी छ।

# प्रतिवन्धित लागुऔषध सहित पाँच जना प्रहरीको फन्दामा

बिराटनगर। प्रतिवन्धी लागुऔषध सहित झापा र सुनसरीका विभिन्न स्थानवाट पाँज जान प्रहरीको फन्दामा परेको छ।

सुनसरीको देवानगंज गाउँपालिका वडा नं. ३ पाचौं सिमर स्थितबाट लागुऔषध गाँजा सहित १ जना पक्राउ परेको छ। पक्राउ पर्नेमा देवानगंज गाउँपालिका वडा नं. ३ का चुनिलाल सरदार रहेको छ। शुक्रवार दिउसो को २ ह ६५३७ नम्बरको अटोलाई नियन्त्रणमा लिई चेकजाँच गर्ने क्रममा आटोमा लुकाई छिपाई राखीएको १८ केजी गाँजा बरामद गरी चालक सरदार समेतलाई नियन्त्रणमा लिईएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

त्यसै गरी झापाको दमक नगरपालिका वडा नं. ५ स्थित डेरा गरी बस्दै आएका ३ जना लागुऔषध खैरोहिराईन बाउनसुगर सहित पक्राउ परेका छन। पक्राउ पर्नेमा दमक वडा नं. ९ का रबिन कुवर, ईलाम घई भई दमक नगर पालिका वडा नं. ५ मा बस्ने मनिसा राई र ताप्लेजुङ घर भई दमक नगरपालिका वडा नं. ८ बस्ने सम्झना राई श्रेष्ठ रहेका छन। विशेष सुराकका आधारमा ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले हिजो राती १० बजे उनिहरुलाई कोठाबाट १७ ग्राम बाउनसुगर सहित पक्राउ गरेको थियो।

सुनसरीको धरान उपमहानगर पालिका वडा न. ७ स्थितमा डेरा गरी बस्दै आएका किसन श्रेष्ठ लागुऔषध सहित पक्राउ परेका छन। उनलाइ १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगर र ईलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले राती पक्राउ गरेको थियो। विशेष सुराकका आधारमा श्रेष्ठको कोठामा खानतलासी गर्ने क्रममा ६ बोतल डाईलेक्स जि.सि., ५ सय ५२ क्याप्सुल स्पास्मो प्रोक्सिभन, २ सय ६० ट्याब्लेट नाईट्राजेपान, १ थान हतियार र नगद १ लाख ९२ हजार रुपैया समेत फेला पारी बरामद गरिएको थियो। पक्राउ परेका पाँचै जना उपर थप अनुसन्धान तथा कानुनी कारबाही अगाडी वढाएको प्रहरीले जनाएको छ।

# निशुल्क उपलब्ध हुने विरुवा रकम लिएर वेच्दै

बिराटनगर। डिभिजन वन कार्यालय मोरंगले तराई मधेश हरियाली कार्यक्रम अन्तर्गत प्रत्येक घरलाई निशुल्क रुपमा वितरण गर्दै आएको विरुवाहरु ग्रामथान गाउंपालिकाले रकम लिएर वैच्दै आएको छ।

गाउँपालिकाले प्रदेश नम्बर २ को रौतहट जिल्लाबाट ल्याइएको बिरुवा ग्रामथान गाउँपालिकाले बिक्री गरिरहेको पाइएको छ। रौतहट जिल्लाको करहरिया नगरपालिकाबाट ल्याइएको ६ हजार ८ सय पचहत्तर वटा बिरुवा वागवानिको लागी भनेर असार २१ गतेदेखि गाउँपालिकाले बिक्री-वितरण गरिरहेको छ।उक्त बिरुवाहरु रौतहटको कृष्ण नन्दन फलफुल बगवानी फर्म कटहरिया, दलित फलफूल नर्सरी र नरेश फलफूल नर्सरी बागवानीबाट किनेर ल्याइएको छ। किसानहरुलाई अम्रपाली र मालदह आँप तथा लिच्ची रु. ८५ पर्ने किसानलाई रु.४३ रुपिया ५० मा त्यसैगरी कागती रु. ३५ पर्ने किसानलाई रु.१७ रुपियाँ ५० पैसामा पचास प्रतिशत अनुदानको नाउँमा रकम असुली गरिएको छ।

डिभिजन बन कार्यालय मोरङ्ले किसानहरुलाई निशुल्क रुपमा स्थानीय तहहरुमा विरुवाहरु बितरण गरिरहेको थाहा नभएको, निशुल्क बिरुवा पाएको भए राम्रो हुनेथ्यो तर हामीले थाहा नपाएकोले पैसा तिरेर बिरुवा लिनुपरेको बाध्यता भएको स्थानीय एक कृषकहरुले बताए।

डिभिजन बन कार्यालय मोरङ्ले तराई मधेस हरियाली कार्यक्रम अन्तर्गत असार १४ गते देखि निशुल्क १ महिनाभरी काठ तथा दाउराजन्य प्रजातिका बिरुवाहरु आँप , लिच्ची, कागती, रुद्राक्ष आदि स्थानीय स्तरमै पायक पर्ने ठाउँका नर्सरीहरुबाट उपलब्ध गराउदै आएको छ।

ग्रामथानलाई पायकपर्ने बन तथा वागवानी फार्म ग्रामथान वडा नं. २, झोराहाट र सोनु नर्सरी ग्रामथान वडा नं. ३, कडरिया चौकबाट कृषकहरुलाई निशुल्क बनले बाडिरहेको छ।

सो बिषयमा किसानसँग पैसा किन लिइएको साथै स्थानीय नर्सरी बाटै ल्याइएको भए किसानलाई निशुल्क नभएपनि सस्तो पर्थ्यो भन्ने प्रश्नको जवाफमा स्थानीय कुनै पनि नर्सरीहरुले सुची दर्ता नगरेको, हामीले चाहेको जातको बिरुवा यहाँ नभएको र सबै प्रक्रिया पूरा गरेर बाडिएको बताउँछन् पालिकाका कृषि अधिकृत सुरेन्द्र कुमार माझी। पालिकाका अध्यक्ष शिवनारायण माझी सङ्ग सम्पर्क गर्दा उहाँ सम्पर्कमा आउनु भएन।

बृक्षारोपन गर्दा वातावरणिय सफाइ पनि हुने र ठुलो आम्दानी पनि हुने हुँदा कृषकले आ-आफ्नो निजि खाली जग्गा तथा आलि किनारामा बिरुवा रोपेर भविष्यको लागी काठ दाउरा , इन्धनको जोहो हुने राम्रो काममा सम्बान्धित निकायले कृषकहरूलाई निशुल्क बिरुवा प्रदान गरेर प्रोत्साहन गर्नुपर्नेमा बोट बिरुवाको नाउमा क्षणिक दुई चार लाख आर्थिक लाभ लिन सकिएला तर सरकारको नीति एक घर एक बिरुवा, एक नगर एक उद्यान कार्यक्रम सफल हुन चुनौती हुने प्रती ग्रामथान पालिका सजग हुनैपर्छ।

# प्रेस यूनियनको पूर्व अध्यक्ष नवोदित सम्मानित

विराटनगर। प्रेस यूनियन मोरंगका पूर्व अध्यक्ष मीन कुमार नवोदित नगद तथा प्रसंशापत्रवाट सम्मानित भएको छ।

प्रत्येक वर्ष यूनियनले आफ्नो संगठनका एक जना सदस्यलाई रमाप्रसादमायादेवी पत्रकारिता पुरस्कार पत्रकार प्रदान गर्दै आएको छ। यसवर्षको सो पुरस्कारवाट मीनकुमार नवोदितलाई सम्मानित गरिएको छ ।

नेपाल प्रेस युनियन मोरङले विराटनगरमा एक समारोहको आयोजनागरी पुरस्कार प्रदान गरिएको हो। स्वतन्त्रता सेनानी रमाप्रसाद रिजाल र उनकी श्रीमती मायादेवी रिजालले पुरस्कार स्थापना गर्नुभएको थियो।

सो पुरस्कारको राशि १५ हजार रुपैयाँ र प्रशंसापत्र छ। पुरस्कार वितरण समारोहमा पुरस्कारका संस्थापक सुभाष रिजालले पुरस्कारले पुरस्कृत पत्रकारलाई काम गर्न हौसला मिल्ने वताउँदै अगामी वर्षमा पुरस्कारको राशि बढाउने घोषणा समेत गरेका थिए।

उक्त समारोहमा प्रमुख प्रतिपक्षीदल नेपाली कांग्रेस संसदीय दल प्रदेश १ का नेता राजीव कोइरालाले पुरस्कारले पत्रकारलाई ऊर्जा मिल्ने बताउनुभयो। उहाँले सबैतिर समस्या नै समस्या भएकाले स्वास्थ्य र राजनीतिक अवस्था पनि सहज बन्न नसकेको गुनासो गर्नुभयो।

त्यसैगरी प्रमुख सचेतक केदार कार्कीले रमाप्रसाद रिजाल प्रजातान्त्रिक आन्दोलनका एक असल योद्धा भएको बताउनुभयो। उहाँले पत्रकारको पेसा अहिले संकटमा परेको र यसलाई व्यवस्थित गर्न आवश्यक रहेकामा जोड दिनुभयो।

विराटनगर महानगरपालिकाका मेयर भीम पराजुलीले पत्रकार र पत्रकारिता क्षेत्रमा अहिले संकट आइपरेको बताए। उहाँले महानगरले पनि पत्रकारिता क्षेत्रको विकासमा सहयोगी भूमिका निर्वाह गरिरहेको छ। कोइरालाले लोकतन्त्रमा जसले जितायो उसलाई बिर्सने गरिन्छ भन्दै संघीय र प्रदेश सरकारले काम नै गर्न नसकेको बताए।

कार्यक्रममा नेपाल पत्रकार महासंघ प्रदेश १ का अध्यक्ष विक्रम लुइँटेल, प्रेस युनियन प्रदेश संयोजक लीलावल्लव घिमिरे, युनियन मोरङका अध्यक्ष कुमार लुइँटेल, सल्लाहकार शंकर खरेल, महासंघ मोरङ उपाध्यक्ष कुमोद अधिकारी, युनियन जिल्ला उपाध्यक्ष विनोद सुवेदी र पुरस्कृत पत्रकार नवोदितले मन्तव्य राख्नुभएको थियो। कार्यक्रम प्रेस युनियन मोरङका अध्यक्ष कुमार लुईटेलको सभापतीत्वमा सम्पन्न भएको थियो। कार्यक्रम सचिव गोपाल पोखरेलले संञ्चालन गरेका थिए।

# मन्त्रालयद्धारा मोटर साईकल तथा स्कुटर हस्तान्तरण

बिराटनगर , आन्तरीक शान्ति सुरक्षालाई ध्यानमा राखी १ नम्बर प्रदेशका आन्तरीक मामिला तथा कानुन मन्त्रालयले १ नम्बर प्रदेश प्रहरी कार्यालयलाई १ सय ७० थान मोटरसाईकल र १० थान स्कुटर प्रदान गरेको छ ,

मन्त्रालयको प्राङगणमा एक कार्यक्रमको आयोजना गरी आन्तरीक मामिला तथा कानून मन्त्री माननीय हिक्मत कुमार कार्कीले १ नम्बर प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक ईश्वर बाबु कार्कीलाई मोटरसाईकल तथा स्कुटरको चावी हस्तानतरण गर्नु भएको छ ,

चावी हस्तानतरण कार्यक्रममा बोल्नु हुँदै आन्तरिक मामिला तथा कानून मन्त्री कार्कीले बिभिन्न अपराध कार्यमा संग्लग्न ब्यक्तिहरुले अपराधका नयाँ-नयाँ शैली अपनाई रहेको अवस्थामा आन्तरिक शान्ति सुरक्षाको प्रमुख जिम्मेवारी रहेको नेपाल प्रहरीलाई साधन श्रोत सम्पन्न बनाउनुको बिकल्प नरहेको बताउनु भयो , हरेक प्रहरी युनिटमा सवारी साधन पुऱ्याउने र आन्तरिक शान्ति सुरक्षालाई थप सुदृढ बनाई आम नागरीकलाई सुरक्षाको प्रत्याभुति दिलाउने प्रदेश सरकारको दुरगामी निती रहेको हुँदा सवारी साधन उपलब्ध गराईएको बताउनु भयो ,

मन्त्रालयले १ नम्बर प्रदेश प्रहरी कार्यालय मातहतका प्रहरी कार्यालयहरुलाई उपलब्ध गराउने गरी टि.भी.एस. कम्पनीको १ सय ६० सि.सी.को अपाचे मोटरसाईकल ९० थान, बजाज कम्पनीको १५० सि.सि.को पल्सर मोटरसाईकल ८० थान र यमाहा कम्पनीको १२५ सि.सी.को यमाहा स्कुटर १० थान गरी कुल १ सय ८० थान सवारी साधन उपलब्ध गराएको छ ,

त्यसैगरी ट्राफिक ब्यबस्थापन मा सहजताका लागी मन्त्रालयले १ नम्बर प्रदेश ट्राफिक प्रहरी कार्यालय ईटहरीलाई समेत १० थान मोटरसाईकल हस्तान्तरण गरेको थियो।

चावी हस्तानतरण कार्यक्रममा सवारी साधनको चावी ग्रहण गर्नुहुँदै १ नम्बर प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक ईश्वर बाबु कार्कीले प्रदेश सरकारलाई हार्दिक धन्यवाद दिनुका साथै उपलब्ध सवारी साधनले प्रहरी कर्मचारीहरुमा काम गर्ने थप हौसला प्रदान गरेको र उपलब्ध सवारी साधनहरु तल्लो स्तर सम्मका हरेक प्रहरी कार्यालयहरुमा बितरण गरिने तथा प्राप्त सवारी साधनले प्रहरीको काम कारवाहीमा सहजता प्रदान गरी चुस्त दुरुस्त हुनेमा आफु बिश्वस्त रहेको बताउनु भयो।


## बेरोजगार सूचीमा नाम दर्ता गर्नेबारे सूचना

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आ.व. २०७७/७८ मा १०० (एक सय) दिनको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले २०७६ चैत्र महिनाभर आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा गई बेरोजगार सूचीमा नाम दर्ता गर्नुहुन सूचीत गरिन्छ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# धारिलो हतियार प्रहारगरी एकको हत्या

विराटनगर। कैलालीको कञ्चनपुरमा धारिलाे हतियार प्रहार गरी एकजनाको हत्या भएको छ।

कैलाली जिल्लाको पुनर्वास नगरपालिका वडा नं. ५ मा शनिबार राति धारिलो हतियार प्रहार गरी स्थानीय गोपाल कुँवरको हत्या भएको छ।

जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरका डीएसपी अमर थापाका अनुसार हत्यामा संलग्नको पहिचान भइसकेको छ। थापाले भने, ‘घटनामा संलग्न देखिएका गौरव खड्का फरार छन्, खोजी भइरहेको छ।’

सामान्य विवादमा कुँवरको हत्या भएको स्थानीय बताउँछन्। प्रहरीले भने विस्तृत अनुसन्धान गरिरहेको छ।